# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लालीगुराँस नगरपालिका
## तेह्रथुम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

लालीगुराँस नगरपालिका

तेह्रथुम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लालीगुराँस नगरपालिका

## तेह्रथुम

## आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ ।एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।२३

प.सं. २०८०।८१

च.नं. १५९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,

लालीगुराँस नगरपालिका, नगरपालिकाको कार्यालय,

लालीगुराँस, तेह्रथुम ।

१. **कैफियत सहितको राय —** हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्रप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ६६ लाख ५७ हजार बेरुजू देखिएको छ ।सो सम्बन्धमा रु.२० लाख ५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१८ लाख ६९ हजार, अनियमित बेरुजु रु ४९लाख २९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६९ लाख १५ हजार, र पेश्कि बाँकी रु ९ लाख ३९ हजार समेत गरी यस वर्ष रु.१ करोड ४६ लाख ५२ हजार बेरुजू कायम रहेको छ। लालीगुराँस नगरपालिकाको गतवर्ष सम्म रु.१७ करोड २९ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२ करोड ६४ लाख १ हजार रहेको छ। लालीगुरासँ नगरपालिकाकोको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन

बमोजिम गरिएको छ ।वित्तीय प्रतिवेदन तयार गर्ने लालीगुराँस नगरपालिकाको हामी स्वतन्त्र छौं।त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३ **अन्य व्यहोरा** ( ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी लालीगुराँस नगरपालिकाको व्यवस्थापनमा रहेको छ।पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५ **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

## लालीगुराँस नगरपालिका

## तेह्रथुम जिल्ला

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४८ | ६४ | १६६५७ | ० | ४ | २००५ | ४८ | ६० | १४६५२ | १८६९ | ४९२९ | ६९१५ | ० | ० | ११८४४ | ९३९ |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तेह्रथुम | १७२९९५ | ० | १६१२४६ | ११७४९ | ० | १४६५२ | २६४०१ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ३७ | नियमित भई आएको | २८५७५० |
| | २०७९।८० | ४० | नियमित भई आएको | ८५९१३९ |
| | २०७९।८० | ५२ | नियमित भई आएको | ४६५००० |
| | २०७९।८० | ५४ | नियमित भई आएको | ३९४८२४ |
| | **चालु वर्षको जम्मा** | | | **२००४७१३** |

| क. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | ७ | प्रमाण पेश भएको | ४३६११३५ |
| | २०७८।७९ | ११ | असुल भई आएको | १७७३० |
| | २०७८।७९ | १४ | प्रमाण पेश भएको | ४४०९६८७ |
| | २०७८।७९ | १६ | प्रमाण पेश भएको | १९४९२५ |
| | २०७८।७९ | २३ | प्रमाण पेश भएको | ४२००००० |
| | २०७८।७९ | २४ | नियमित भई आएको | ६६०२९७ |
| | २०७८।७९ | २६ | पेश्की फछ्यौंटको प्रमाण पेश भएको | १६८०८८३ |
| | २०७८।७९ | ३०.१ | प्रमाण पेश भएको | ६८१८४६६ |
| | २०७८।७९ | ३१.१ | प्रमाण पेश भएको | ३२८००० |
| | २०७८।७९ | ३२ | प्रमाण पेश भएको | १५०३०८ |
| | २०७८।७९ | ३४ | नियमित भई आएको | २२२२०३ |
| | २०७८।७९ | ३७ | प्रमाण पेश भएको | ३८०२९४.७८ |
| | २०७८।७९ | ४१ | नियमित भई आएको | ३८४८०० |
| | २०७८।७९ | ४३ | असुल भई आएको | ११२८०४ |
| | २०७८।७९ | ४५ | नियमित भई आएको | १०८३०२४ |
| | २०७८।७९ | ४८ | नियमित भई आएको | ८२५८५१ |
| | २०७८।७९ | ५४ | असुल भई आएको | ६४५०० |
| | २०७८।७९ | ५५ | असुल भई आएको | ३०८८० |
| | २०७८।७९ | ५६ | असुल भई आएको | १५६००० |
| | २०७८।७९ | ५९ | नियमित भई आएको | ३२००० |
| | २०७८।७९ | ६१.२ | प्रमाण पेश भएको | ६५०००० |
| | २०७८।७९ | ६१.३ | प्रमाण पेश भएको | ५४४००० |
| | २०७८।७९ | ६१.४ | प्रमाण पेश भएको | ३२५०००० |

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७८।७९ | ६१.५ | नियमित भई आएको | ७२२१०८ |
| | २०७८।७९ | ६१.६ | प्रमाण पेश भएको | ८७५४६७६ |
| | २०७८।७९ | ६१.८ | प्रमाण पेश भएको | ३०००००० |
| | २०७८।७९ | ६४ | प्रमाण पेश भएको | १७२००० |
| | २०७८।७९ | ६७ | असुल भई आएको | ९९९० |
| | २०७८।७९ | ७० | नियमित भई आएको | २१५१२२७० |
| | २०७८।७९ | ७१ | प्रमाण पेश भएको | ३४२०००० |
| | २०७८।७९ | ७४ | प्रमाण पेश भएको | ५१४५४० |
| | २०७८।७९ | ७६ | असुल भई आएको | ६२४३ |
| | **२०७८।७९** | | | **६८६६९६१४** |
| | २०७७।७८ | ८ | नियमित भई आएको | ५२३१७५ |
| | २०७७।७८ | १२ | नियमित भई आएको | १९०५७९१ |
| | २०७७।७८ | १९ | असुल भई आएको | १८५६१ |
| | २०७७।७८ | २० | असुल भई आएको | १२२७४० |
| | २०७७।७८ | २४ | प्रमाण पेश भएको ( मिति २०७८।८।१२ को निर्णय अनुसार रु १४६७६६३ प्रतिकृयाबाट फछर्यौट भएको ) | १७५६६९५ |
| | २०७७।७८ | ३० | प्रमाण पेश भएको | ४००००० |
| | २०७७।७८ | ३६ | नियमित भई आएको | ४६०००० |
| | २०७७।७८ | ३७ | नियमित भई आएको (मिति २०७८।८।१२ को निर्णय अनुसार रु १०५२२४९१ प्रतिकृयाबाट फछर्यौट भएको ) | १५७०६४१९ |
| | २०७७।७८ | ४३ | प्रमाण पेश भएको | ८७६५१२ |
| | २०७७।७८ | ४४ | नियमित भई आएको | ५०००००० |
| | २०७७।७८ | ४५ | प्रमाण पेश भएको | २६००००० |
| | २०७७।७८ | ५० | नियमित भई आएको | ६२८३७६ |

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७७।७८ | ५५ | नियमित भई आएको | ३६०५०९८ |
| | २०७७।७८ | ६२ | नियमित भई आएको (मिति २०७८।८।१२ को निर्णय अनुसार रु ४६५९१२१ प्रतिकृयाबाट फछ्यौंट भएको ) | १३८१२७९१ |
| | **२०७७।७८** | | | **४७४१६१५८** |
| | २०७६।७७ | २ | प्रमाण पेश भएको आधारमा सं.प. | ५९१४६९० |
| | २०७६।७७ | ११ | प्रमाण पेश भएको आधारमा सं.प. | १३१५४४० |
| | २०७६।७७ | २० | प्रमाण पेश भएको आधारमा सं.प. | ६७९९६६७ |
| | २०७६।७७ | २१ | प्रमाण पेश भएको आधारमा सं.प. | १५६४३५ |
| | २०७६।७७ | २३ | प्रमाण पेश भएको आधारमा सं.प. | १६९२७०४ |
| | २०७६।७७ | २५ | कार्य सम्पन्नको आधारमा | ९३२३८४ |
| | २०७६।७७ | ४८ | प्रमाण पेश भएको आधारमा सं.प. | ९४२००० |
| | २०७६।७७ | ५५ | प्रमाण पेश भएको आधारमा सं.प. | ५००००० |
| | २०७६।७७ | २७ | प्रमाण पेश भएको आधारमा सं.प. | ७००००० |
| | २०७६।७७ | ३६ | प्रमाण पेश भएको आधारमा सं.प. | १७००००० |
| | २०७६।७७ | ४७ | प्रमाण पेश भएको आधारमा सं.प. | १७७००० |
| | २०७६।७७ | ५० | प्रमाण पेश भएको आधारमा सं.प. | ४५०००० |
| | २०७६।७७ | ५९ | प्रमाण पेश भएको आधारमा सं.प. | १७७७५० |
| | २०७६।७७ | ६१ | प्रमाण पेश भएको आधारमा सं.प. | २८१५३२८ |
| | २०७६।७७ | ६४ | प्रमाण पेश भएको आधारमा सं.प. | १७००० |
| | २०७६।७७ | ३२ | सभाबाट नियमित भएको आधारमा सं पं | १३८५८८९० |
| | २०७६।७७ | ६२ | प्रमाण पेश भएको आधारमा सं.प. | ५०००० |

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७६।७७** | | | **३८१९९२८८** |
| | २०७५।०७६ | ८ | प्रमाण पेश भएको आधारमा सं.प. | १६४११० |
| | २०७५।०७६ | १० | प्रमाण पेश भएको आधारमा सं.प. | ७७४६७७ |
| | २०७५।०७६ | १७ | प्रमाण पेश भएको आधारमा सं.प. | १२३४५ |
| | २०७५।०७६ | १९ | प्रमाण पेश भएको आधारमा सं.प. | १५२५० |
| | २०७५।०७६ | ३२ | प्रमाण पेश भएको आधारमा सं.प. | ३५०००० |
| | २०७५।०७६ | ४७ | प्रमाण पेश भएको आधारमा सं.प. | १००००० |
| | २०७५।०७६ | ३८ | प्रमाण पेश भएको आधारमा सं.प. | ६३०००० |
| | २०७५।०७६ | ४३ | प्रमाण पेश भएको आधारमा सं.प. | १६००००० |
| | **२०७५।०७६** | | | **३६४६३८२** |
| | २०७४/७५ | २२ | प्रमाण पेश भएको आधारमा सं.प. | ११९८३५० |
| | २०७४/७५ | २७ | प्रमाण पेश भएको आधारमा सं.प. | ९००००० |
| | २०७४/७५ | ३९ | प्रमाण पेश भएको आधारमा सं.प. | १२१६३०० |
| | **२०७४/७५** | | | **३३१४६५०** |
| | **गत विगतको जम्मा** | | | **१६१२४६०९२** |
| | **कुल जम्मा** | | | **१६,३२,५०,८०५** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ

# परिचय

१ **परिचय**

**(क) लालीगुराँस नगरपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल ९०.२७ वर्ग किलोमिटर तथा जनसंख्या १५,३२९ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५। २१देखि २०८०।७। ३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय व्ययतर्फ जम्मा रु. ६२१९५८९६८.६२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १७३५३१असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | मासु आत्मनिर्भर कार्यक्रममा बढी भुक्तानी | १०४३१० |
| २ | बढी भुक्तानी | २७३२१ |
| ३ | विद्यालयलाई छात्रवृत्ति बढी भुक्तानी | ४१९०० |
| | **जम्मा** | **१७३५३१** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षणः**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६,८८,८५,६२४।०० र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १,८१,०६,८५०।०० समेत रु.८,६९,९२,४७४।०० सुत्रमा लेखाङ्कन गरेको छैन ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन,२०७४को दफा ७७(२) मा स्थानीयतहले आर्थिक कारोबारको नियमितता,मितव्ययिता,कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।तर लालीगराँस नगरपालिकाले यसवर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

बजेट व्यवस्थापनतः

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन ।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको देखिएन ।
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको देखिएन ।
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको देखिएन ।

सार्वजनिक खरीद व्यवस्थापनतर्फः

- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ ।स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको देखिएन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।
- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको देखिएन ।
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।

शिक्षातर्फः

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरेको देखिएन ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (मिडान) | गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन भिडान गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति या बहुमाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी | विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको,

विविध तर्फः

- कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,
- म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये कार्यालयसंग सम्बन्धित फारामको अभिलेख राखे नराखेको
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन ।

यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए।नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

- आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन ।
- वडाहरु र पालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको देखियो ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो ।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **कडा चट्टानको कार्य -** सडक तथा पुल निर्माण कार्यको लागि सडक विभागबाट स्वीकृत दर विष्लेषण नर्म्स, २०७५ को सि. नं. ९.१(IV)(A) मा Excavation in Hard Rock (blasting prohibited) with rock breakers, including breaking rock बाट कडा चट्टान १६ घ.मी. को परिमाण ब्रेकबाट फुटाउँदा आएको परिमाण योजनामा प्रयोग गरेको भए कम्तिमा त्यसको ५० (पच्चास) प्रतिशत अर्थात ८ घ.मी. परिमाण घटाई बाँकी परिमाणको मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सोलिङ्ग लगायतका कार्यमा कडा चट्टानको प्रयोग गरेको छ। यसरी एकातर्फ कडा चट्टानको पुरै परिमाणको भुक्तानी हुने तथा अर्को तर्फ सोही चट्टान अन्यत्र सोलिङ्ग लगायतका कार्यमा प्रयोग हुदा सोलिङ्ग लगायतको कार्यको भुक्तानी हुदा सोलिङ्ग कार्यको दररेट विश्लेषणमा ढुङ्गाको परिमाण शुन्य कायम गर्नुपर्ने अर्थात ढुङगाको परिमाण घटाई भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएको छ। यस सम्बन्धमा पालिकाबाट यस वर्ष कडा चट्टान कार्यको के कति परिमाणमा भुक्तानी भएको हो ? तथा सो कडा चट्टान के कति परिमाणमा अन्यत्र योजनामा सोलिङ्ग लगायतका कार्यमा सोलिङ्ग कार्य गर्दा भुक्तानी भएको हो ? सो सम्बन्धमा पालिकाबाट विवरण माग गरेकोमा पेश भएन। यस सम्बन्धमा छानवीन गरी संलग्न कर्मचारी तथा पदाधिकारीलाई कारबाही हुनुपर्दछ ।

६ **जिन्सी सामानको सुरक्षा -** कोशी प्रदेशको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९४ मा कार्यालयबाट खरिद भएका जिन्सी सामानको उपयोगिता तथा सामानको संरक्षण हुने गरी खरिद तथा जिन्सी सामानको दाखिला तथा हस्तान्तरण हुनुपर्ने सामान हस्तान्तरण गरी त्यसको उपयोगिता सुनिश्चित गर्नुपर्दछ भन्ने उल्लेख छ । कार्यालयले २०७९।९।२६ मा विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत चार वटा Samsung A3 Mobile रु.१,२०,०००।०० खरिद भएकोमा विद्यालयमा इन्टरनेट जडान नभएको हुनाले सम्बन्धित विद्यालयलाई वितरण भएको छैन जसले गर्दा मोबाइलको प्रयोग अगावै वारेन्टी पिरियड सकिने देखिन्छ । यसरी विद्यालयमा इन्टरनेट जडान भएको सुनिश्चित नगरी खरिद भएको औचित्यपूर्ण देखिएन ।

७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

८ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,८२,३०,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १,५३,२५,९८२.९६ अर्थात अनुमान भन्दा १५.९२% प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखियो ।

९ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| ३१,७९,०६,३९७ | १,५३,२५,९८२ | ४.८२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.८२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र. सं. | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पती कर | १४००००० | ११७२१४५.९७ | ८३.७२ |
| २ | भूमिकर/मालपोत | २५०००.०० | ३११५.०० | १२.४६ |
| ३ | घर जग्गा वहाल कर | ४०००००.०० | ७३५०९७.३४ | १८३.७७ |
| ४ | वहाल विरौटी कर | ८६०००.०० | ८६०००.०० | १००.०० |
| ५ | अन्य सेवा शुल्क | ३००००.०० | ६९५०.०० | २३.१७ |
| ६ | नक्सा पास दस्तुर | २०००००.०० | ६७०६१.६५ | ३३.५३ |
| ७ | सिफारीस दस्तुर | १३०००००.०० | १५२१९०६.०० | ११७.०७ |
| ८ | व्यक्तिगत घटना दस्तुर | ३०००००.०० | २७३८५०.०० | ९१.२८ |
| ९ | नाता प्रमाणीत दस्तुर | १०००००.०० | ६२७००.०० | ६२.७० |
| १० | अन्य दस्तुर | १५०००००.०० | ३७३७०९९.०० | २४९.१४ |
| ११ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | ९०००००.०० | ११८७८९६.०० | १३१.९९ |
| १२ | प्रशासनिक दण्ड जरिवाना जफत | २०००००.०० | २७०५३.०० | १३.५३ |
| १३ | प्रदुसन नियन्त्रण शुल्क | ३५००००.०० | २४१९००.०० | ६९.११ |
| १४ | सरकारी सम्पत्ति बहालबाट प्राप्त | १०१७५०००.०० | ४४०१७००.०० | ४३.२६ |
| १५ | घरजग्गा रजिष्ट्रेशन शुल्क | १००००००.०० | १५४९९१४.०० | १५४.९९ |
| १६ | नहर तथा कुलो उपयोग बापत शुल्क | ३५००००.०० | २५१५९५.०० | ७१.८८ |
| | **कुल जम्मा** | **१८३१६०००.००** | **१५३२५९८२.९६** | **८३.६८** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ।

११ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ ।यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु रु. 11,87,896 कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् ।जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन ।तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१२ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन ।आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ ।स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुण महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन ।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु.४९ करोड २७ लाख ४१ हजार ५७२ को बजेट सभा

समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।३१ मा पारित भएको छ।यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

१६ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वटा वडाको लागि वडागत र पालिकास्तरका कुल ५६९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३७० | ० | ० | ३२१ |
| २. | वडास्तरीय | १९९ | ० | ० | १९२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५१३ योजना मात्र कार्यान्वयन भई ५६ योजना कार्यान्वयन हुन सकेको देखिएन।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन।बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५ प्रतिशत सम्म प्रगति | ५० प्रतिशत सम्म प्रगति | ७५ प्रतिशत सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ५६९ | ५६ | ० | ० | ३९६ |

१८ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ ।यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५,६९,४३,९६७.३४ पूँजीगत खर्च र खरिद कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद

कार्य गरेको देखियो ।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४२३५३२६८ | ३३३८४९२८.७८ | ७.५५ |
| २ | पूर्वाधार विकास | १०२६१५४०२ | ८२१४५३५८.६४ | १८.६३ |
| ३ | सामाजिक विकास | २६०२२३८५१ | २२४८९३०३९.१४ | ५१ |
| ४ | बन तथा बातावरण विकास | ७५००० | ७५००० | ०.०१ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५५७७८७७ | १३१४३८८४ | २.९७ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०७५०४१७४.५१ | ८७०८६६१३.३६ | १९.७५ |
| **जम्मा** | | **५२८३४९५७२.५१** | **४४०७२८८२३.९२** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले खर्च गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५१ प्रतिशत र बन विकास मा सबै भन्दा घटीमा ०.०१ प्रतिशत रहेको छ ।

२० **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. १,५३,२५,९८२.९६ राजस्व बाँडफाँट र अनुदानबाट रु.४५,२२,५९,८८५.३३ समेत रु.४६,७५,८५,८६८.२९ आम्दानी भएकोमा चालु तर्फ रु. २८,३७,८४,८५६.५८ र पुँजीगत तर्फ रु. १५,६९,४३,९६७.३४ समेत रु. ४४,०७,२८,८२३.९२ खर्च भएको छ ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.४८ प्रतिशत रहेको छ ।यसवर्ष पदाधिकारी सुबिधामा रु. ८१,९६,०००.०० खर्च भएको छ। जुन आन्तरिक आयको ५३.४८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ८६.३३ प्रतिशत चालु र ७८.६१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२१ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | १५६९४३९६७.३४ | १५१९१७९४ | २८८७२९३९.३५ | ४८६९८२७१.९५ | ७७०९५१९३.३९ | ३९०८२४३७.०९ |
| **प्रतिशत** | **१००** | **९.६२** | **१८.३६** | **३०.९८** | **४१.०४** | **२४.८५** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक खर्च रु. १५,६९,४३,९६७।०० मध्ये प्रथम त्रैमासिकमा रु. १,५१,९१,७९४।००(९.६२प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २,८८,७२,९३९।३५ (१८.३६प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.४,८६,९८,२७१।९५(३०.९८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ७,७०,९५,१९३।३९(४१.०४ प्रतिशत)खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३,९०,८२,४३७।०९ (२४.८५प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## २२ जिन्सी व्यवस्थापनः

२२.१ **जिन्सीः -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ ।यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२२.२ **जिन्सी निरीक्षणः -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन।जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन ।नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२३ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, १ वटा नियमावली, १६

कार्यविधि लगायत ३० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३० वटा कानुनहरु निर्माण गरी राजपत्रमा प्रकाशन गरेको छ ।

२४ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ.तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो वर्ष थप भएको ७ गरी कुल ४७ विवाद दर्ता भएकोमा २५ वटा मात्र फछ्यौट भई २२ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२५ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४३ वटा सहकारी संस्था रहेका छन् ।पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन ।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन ।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन।तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२६ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन।तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

२७ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरेर विभिन्न व्यक्तिहरुलाई रु. ८,६०,६०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १,५३,२५,९८२.९६ को ५.५८ प्रतिशत हुन आउँछ ।

२८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १४६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १३० जना पदपूर्ती भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासनिक र प्राविधिक १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२९ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४५ कर्मचारीको रु.१,९३,१५,६८२।०० र पालिकाका १३ कर्मचारीको रु. ७९,७८,१२३।०० समेत रु.२,७२,९३,८०५।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३० **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले कर्मचारी चन्द्र बहादुर सुवेदीलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई रु २,००,०००।०० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३०.१ | पेश्की बाँकी | २,००,००० |

| | |
|---|---|
| पेश्की | २,००,००० |

३१ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्षसम्म एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा आशिष।आशिर्वाद ।स्वामीनारायण जे .भी. लाई रु. २,३०,००,०००।०० पेश्की दिएको छ ।पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

३२ **संपरीक्षणबाट कायम बेरूजु (पेश्की बाँकी) -** सम्परीक्षणवाट कायम वेरुजु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहाय अनुसारको व्यक्तिलाइ दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई रु. ७,३९,०००।०० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.

| क्र.सं | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३२.१ | ओम बहादुर खड्का | ९५,००० |
| ३२.२ | चन्द्र बहादुर सुवेदी | १,५०,००० |
| ३२.३ | मान कुमार गुङ्ग | ५५,००० |
| ३२.४ | मोहन सिंह लिम्बु | ५०,००० |
| ३२.५ | शुक्रराज लिम्वु | ४०,००० |
| ३२.६ | शुक्रराज लिम्वु | २,००,००० |

| | | |
|---|---|---|
| ३२.७ | सुनिल कुमार दास | ५०,००० |
| ३२.८ | सेन्टर फर अल्टरनेटिभ डेभलपमेन्ट स्टडिज प्रा. लि. | ९९,००० |
| | पेश्की | ७,३९,००० |

३३ **सेवा प्रवाह स्थितिको विवरण -** पालिकाले आ.व. २०७९/८० मा सम्पादन गरेको सेवा प्रवाहको स्थिति झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको समग्र विवरण प्राप्त गर्न सकिएन। लेखापरीक्षणको क्रममा कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकाबाट निम्न अनुसार सेवा प्रवाह भएको देखिन्छ ।

| विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|
| नागरिकता सिफारिस | ४७१ | ४७१ | |
| बाटो सिफारिस | १५१ | १५१ | |
| नाता प्रमाणित | १८५ | १८५ | |
| व्यक्तिगत घटना दर्ता | १०८७ | १०८७ | |
| अन्य सिफारिस | ५३५१ | ५३५१ | |

३४ **यान्त्रिक उपकरण खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख(१) मा सार्वजनिक निकायले हेभी इक्विपमेन्ट, सवारी साधन, औजार, मेशिनरी, उपकरण, एक्सरे वा एमआरआई जस्ता स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने उपचारजन्य यन्त्र वा यस्तै अन्य यान्त्रिक मालसामानहरु त्यस्तो समान स्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेतालाई कम्तीमा सात दिनदेखि बढीमा पन्ध्र दिनसम्मको लिखित सूचना दिई प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै, नियमावलीको नियम ३१ख(२) मा मालसामान बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी त्यस्तो सार्वजनिक निकायमा निवेदन दर्ता गराउनुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष देहाय बमोजिमका यान्त्रिक उपकरणहरु पटक पटक विभिन्न मितिमा कोटेशनबाट खरिद कार्य गरेको छ।यसरी नियमावलीमा भएको व्यवस्था बिपरित यान्त्रिक उपकरणहरु कोटेशनबाट खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३४.१ | पूर्वाञ्चल एग्रो सोलुसन्स | ३,३७,५०० |
| ३४.२ | पूर्वाञ्चल एग्रो सोलुसन्स | ६,४०,००० |
| ३४.३ | पूर्वाञ्चल एग्रो सोलुसन्स | ८,४७,००० |
| ३४.४ | पूर्वाञ्चल एग्रो सोलुसन्स | ९,८२,५०० |
| ३४.५ | भरत मेसिनरी पार्ट | २,४०,००० |

| | |
|---|---|
| अनियमित भएको | ३०,४७,००० |

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३५ **अश्वभाविक इन्धन खर्च -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को दफा १०.(१) मा मापदण्डको पालना गर्नु सबै सार्वजनिक निकाय र निकायको पदाधिकारी तथा कर्मचारीको कर्तव्य हुनेछ भन्ने उल्लेख छ, साथै सोही दफाको (२) मा प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चलाई चप मितव्ययी र नतिजामुखी बनाउन सो मापदण्डको अधीनमा रही आफू मातहतका सबै कार्यालय, पदाधिकारी एवं कर्मचारीलाई लागू हुने गरी आवश्यकता अनुसार मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गर्न सक्नेछन् भन्ने उल्लेख छ । नमुना परीक्षण गर्दा कार्यालयको को १ द ७३ को ट्रयाक्टरमा मिति २०७९।६।४ मा ३९४५.८ मिटरमा ५१ लि. इन्धन भरेकोमा अर्को दिन २०७९।६।५ मा ३९५१.० मा ४६.४४ लि. इन्धन भरेको देखिन्छ । उपरोक्तानुसार उक्त सवारी साधन ५.२ कि.मी. गुड्दा ५१ लि. इन्धन खपत भएको अस्वभाविक देखिन्छ । यसमा के कति कारणले यस्तो देखिएको हो कारण पत्ता लगाई प्रतिवेदन पेश हुनुपर्ने साथै कार्यालयले यस्ता अस्वभाविक खर्चहरुमा नियन्त्रण गर्नुपर्दछ ।

३६ **खर्चमा मितव्यीता र मापदण्ड -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र खर्च गर्नु पर्दछ।पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी यस वर्ष इन्धनमा रु. ८१,८९,३८२।०० र मर्मतमा रु. १,१६,४५,२४८।००, विविधमा रु.२५,२६,७०८।०० खर्च गरेको छ।निश्चित विधि र मापदण्ड वेगर विविध,इन्धन र मर्मतमा खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नेतर्फ कार्यपालिकाको ध्यान पुग्नुपर्दछ ।

३७ **प्रयोजन नखुल्ने खर्च -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.२८५७५० सम्परीक्षण गरिएको ।)*

३८ **नर्म्सभन्दा बढी भुक्तानी -** अर्थ मन्त्रालय कार्यसन्चालन निर्देशिका, २०७७ अनुसारको नर्म्स अनुसार खर्च लेख्नुपर्नेमा यस पालिकाले निम्नानुसार नर्म्सभन्दा बढी खर्च रु.५२,९७१।०० लेखेको छ ।नर्म्सभन्दा बढी खर्च लेखेको असुल भई दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,९९६ |

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३९ **नगर सभा सन्चालनमा बैठक भत्ता बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ ।त्यसैगरी सोही नियमको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।स्थानीय सरकार सन्चालन ऐन २०७४ मा प्रमुख प्रशासकीय अधिकृत सभा तथा कार्यपालिकाको सदस्य सचिवको रुपमा राखेको छ।यस पालिकाले प्रमुख प्रशासकीय अधिकृत बाहेक निम्नानुसार बैठकमा उपस्थित भएको भनी भत्ता वितरण गरेको छ ।यसरी ऐन नियममा व्यवस्था भएकोभन्दा बढी व्यक्तिलाई बैठक भत्ता भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रू.

| क्र.सं. | भौ. नं./मिति | बैठकको विवरण | भत्ता पाउने | भुक्तानी रकम | कर कट्टी पछिको |
|---|---|---|---|---|---|
| १ | १८३/०७९।११।२९ | गाउँसभा | विभिन्न ५५ जना | ५५००० | ४६७५० |
| | | | **जम्मा** | | **४६७५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,७५० |

४० **अनुत्पादक तथा बितरणमूखी खर्च -**

........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.८५११३१ सम्परीक्षण गरिएको ।)*

४१ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १८ वटा योजना सञ्चालन गरी यस वर्ष १२३ जनालाई औसत १०० दिनले १२३०० दिन रोजगारी उपलव्ध गराई रु. ७१,३४,०००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४२ **शैक्षिक तथा व्यवस्थापकीय योजना -** नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यसम्पादन अनुसार यस वर्ष वसन्त मा.वि लाई सम्झौता बमोजिम रु.४८,२५,१८९।०० र गत वर्षको वांकी रु.१७,५०,०००।०० समेत रु.६५,७५,१८९।०० अनुदान निकासा गरेकोमा नमुना विद्यालय विकास गुरुयोजना अन्तर्गत ०७९।८० मा सम्पन्न गर्ने गरी तय गरिएको भौतिक पक्ष समावेश भएका विभिन्न कार्यक्रमहरु आर्थिक वर्ष भित्र सम्पन्न गरी नमुना विद्यालय विकास एव सञ्चालन कार्यविधि, २०७४ वमोजिम प्रकृया पुरा गरी खर्च भएको प्रमाण, सामाजिक परीक्षण, विल भरपाई एवं अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेमा रु.५०,७२,६३६।०० को मात्र कार्यसम्पन्न पेश भएको छ । वांकी रु.१५,०२,५५३।०० को खर्च भएको प्रमाण, सामाजिक परीक्षण, विल भरपाई एवं अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,०२,५५३ |

४३ **शिक्षक काजमा राखी भत्ता भुक्तानी -** शिक्षा नियमावली २०५९ को दफा १११(५) मा कुनै विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी बढी भएमा विभागले त्यस्तो दरवन्दीलाई सोही जिल्लाको जिल्ला शिक्षा समितिको पूल दरबन्दीमा राखी विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी कम रहेको जुनसुकै विद्यालयमा काजमा खटाउन सक्नेछ भन्ने उल्लेख छ । यस पालिकाले कार्यालय शिक्षा शाखामा २ जना स्थायी कर्मचारी भएको अवस्थामा नि.मा.वि. राहत दरबन्दीमा कार्यरत शिक्षक राम कृष्ण निरौलालाई तलवभत्ता विद्यालयबाट नै पाउने गरी काजमा राखी मासिक १५,००० थप तलव

भत्ता भुक्तानी गरेको छ । यसरी नियम विपरित शिक्षक काजमा राखिएको साथै थप तलवभत्ता भुक्तानी भएको रु. १,८०,०००।०० मा १५ प्रतिशत कर कट्टी भुक्तानी भएकोले कर पछिको रू. १,५३,०००।०० निजबाट असुल गरी दाखिला हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३,००० |

४४ **विद्यालयलाई बढी भुक्तानी -** विद्यालयलाई बढी भुक्तानी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस पालिकाले निम्नानुसारका विद्यालयलयलाई भुक्तानी हुनुपर्नेभन्दा बढी छात्रवृत्ति रु.५,७९०।०० भुक्तानी भएको देखिएकोले सम्बन्धित विद्यालयबाट असुल गरी दाखिला हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जलकन्या मा. वि. | २१२०० | २१६०० | ४०० | |
| २ | सिंहदेवी आ. वि. | २८०० | ४४०० | १६०० | |
| ३ | प्रजातन्त्र आ. वि. | २००० | ४८०० | २८०० | |
| ४ | कालिका मा. वि. | | | ९९० | दिवा खाजा बढी भुक्तानी |
| | **जम्मा** | | | **५७९०** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,७९० |

४५ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार/ राहत अनुदान | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | वसन्त मा.वि. | २६ | २६ | १२ | ४६८ |
| २ | रत्न मा.वि. | १७ | १७ | २ | ३८८ |
| ३ | सिंहदेवी मा.वि. | १८ | १८ | ५ | ३१९ |
| ४ | कृष्ण मा.वि. | १४ | १४ | ६ | २१३ |
| ५ | मान स्मारक मा.वि. | १२ | १२ | ४ | २५३ |
| ६ | तीनजुरे मा.वि. | ११ | ११ | ४ | ३०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जलकन्या मा.वि. दाँगपा | ९ | ९ | ३ | १५४ |
| ८ | सिंहवाहिनी मा.वि. | ९ | ९ | १ | १५१ |
| ९ | कालिका मा.वि. | १२ | १२ | ५ | १६३ |
| १० | सार्वजनिक मा.वि. | १४ | १४ | ८ | १५९ |
| ११ | जनता आ.वि. चम्फुला | ६ | ६ | २ | ४७ |
| १२ | कालिका आ.वि. पुरुन्दिन | ८ | ८ | ३ | ११३ |
| १३ | गौरीशंकर आ.वि. | ५ | ५ | १ | ५१ |
| १४ | जालपादेवी आ.वि. डोवकिले | ५ | ५ | ० | १३७ |
| १५ | जालपादेवी आ.वि. दाँगपा | ३ | ३ | १ | ५४ |
| १६ | प्रभात आ.वि. | १ | १ | ० | १७ |
| १७ | मालिका वाहिनी आ.वि. | ३ | ३ | १ | २६ |
| १८ | कालिका आ.वि. केबुक | ३ | ३ | १ | ४० |
| १९ | महाकाली आ.वि. | ३ | ३ | १ | ३५ |
| २० | जनता आ.वि. मुसांखेल | ३ | ३ | ० | ४३ |
| २१ | जनजागरण आ.वि. | ३ | ३ | १ | ३८ |
| २२ | जलकन्या आ.वि. फुलेक | ४ | ४ | १ | ५२ |
| २३ | गणेश आ.वि. | ३ | ३ | २ | ४५ |
| २४ | भगिमा आ.वि. | ३ | ३ | २ | ४१ |
| २५ | प्रजातन्त्र आ.वि. | ३ | ३ | १ | २४ |
| २६ | पञ्चकन्या आ.वि. | ३ | ३ | १ | ३६ |
| २७ | जनता आ.वि. टिम्बुरे | २ | २ | १ | १८ |
| २८ | कालीचोक्मालुङ्ग आ.वि. | २ | २ | ० | २९ |
| २९ | सिंहसिद्ध आ.वि. | ० | ० | ० | ५ |
| ३० | सिंहदेवी आ.वि मुसांखेल | २ | २ | ० | ३१ |
| ३१ | राष्ट्रिय दिव्यश्वरी आ.वि. | २ | २ | ० | १७ |
| ३२ | सिंहदेवी आ.वि. काडे | ३ | ३ | १ | ४८ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्दै न्युन विध्यार्थी भएका सामुदायिक विद्यालयहरुको खारेजी र एकिकरण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४६ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले ३ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। असारमा सामाजिक सुरक्षा भत्ता वांकी रहेको देखिएन ।

४७ **इन्डक्सन चुल्हो वितरण - ५।२०७९।०७।२३** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी सोही नियमको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।तर पालिकाले खरीद गरेको रु.५,००,०००।०० को इन्डक्सन चुल्हो ८४ थान मध्ये ६८ थानको मात्र वितरण भर्पाइ पेश भएको छ । बाँकी १६ थानको रु.९५,२३८।०० को वितरण गरेको भर्पाइ पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९५,२३८ |

४८ **सव कन्ट्राक्टबाट कार्य गराएको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर,रोलर,डोजर,ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सम्बन्धित प्राविधिकको सफारिसमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था छ । त्यस्तै, सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने व्यवस्था छ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्राक्टरबाट गराउन सक्ने छैन भन्ने व्यवस्था रहेको छ। कुनै कारणबस समितिले काम गर्न नसकेमा सो सम्बन्धमा जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम यस नियम र नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था रहेको छ।तर पालिकाले लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको तथा हेभी मेसिन प्रयोग गर्न सार्वजनिक निकायले सहमति समेत नदिएको अवस्थामा समेत हभी मेसिन प्रयोग गरेको छ।त्यस्तै, पालिका अन्तर्गतका उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरिएका प्रायः योजनाहरुमा निर्माण व्यवसायीहरुबाट सब-कन्ट्राक्टमा कार्य गराएको छ। यस सम्बन्धमा गत विगतको महालेखापरीक्षको वार्षिक प्रतिवेदनले समेत औंलियाईएकोमा सोको विपरित निर्माण कार्यमा हेवी मेसिनको प्रयोग गरेको तथा निर्माण व्यवसायीहरुबाट सब-कन्ट्राक्टमा कार्य गराएको नियमसम्मत देखिएन। यसका केही उदाहरणहरू निम्नानुसार रहेका छन ।

| भौ.नं./मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | विनियोजित रकम | हेभी मेसिनको भुक्तानी रकम | भुक्तानी रकम | हेभी मेशीनको भुक्तानी (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| ३०५-०८०/१/१४ | मुखिया डाँडाखेल मैदान स्तरोन्नती ५ | छथर कटुवाल कन्स्ट्रक्सन प्रा.लि. | ४००००० | ४६३७५२ | ३८४००० | ११५.९४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४४-०८०/१२/६ | श्रीमान स्मारक मा.बि.खेल मैदान ३ | जित सिता निर्माण सेवा | ३००००० | १४०१२० | २८८००० | ४७.७१ |
| ८४-०८०/७/२० | चामचिम चित्रेटार वडा कार्यालय मालवासे सडक ६ | जित सिता निर्माण सेवा | २३००००० | ३७६०४१ | २१९०८१५ | १६.३५ |

४९ **दररेट फरक -** सडक तथा ब्रिज निर्माणको कार्य गर्ने सार्वजनिक निकायले सडक विभागबाट स्वीकृत दररेट नर्म्स, २०७५ ले तोकिदिए बमोजिम निर्माण कार्यको दररेट विश्लेषण गरी भुक्तानी दिनुपर्दछ। त्यस्तै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष देहायका योजनाहरुको भुक्तानी गर्दा फरक प्रकृतिको नर्म्स प्रयोग गरी बढी भुक्तानी भएको रु. ८,८७,२९१।०० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८७,२९१ |

**(विस्तृत विवरण बेरूजु दफा ४९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५० **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५१ **सुरक्षित नागरीक आवास कार्यक्रम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। तर निर्माण कार्यको हकमा बाहेक एक लाख रुपैयाँसम्मको खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अन्तर्गतको कार्यक्रम संचालन गर्दा लाभग्राहि छनौट गरी प्रति लाभग्राहिलाई रु. ५०,०००।०० का दरले २ किस्तामा क्रमशः ६० प्रतिशत २ ४० प्रतिशत रकम प्रदान गर्ने व्यवस्था छ। सोही कार्यविधि, २०७५ को दफा ६ मा कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको |पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगती अनुदान उपलब्ध गराईएको मितिले ३ महिनाभित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्नेछ भन्ने व्यवस्था रहेको छ । यस पालिकाले यस आर्थिक वर्षमा विनियोजित रकमवाट १३० लाभग्राहीलाइ दोश्रो किस्ता रु.३०,०००।०० को दरले रु.३९,००,०००।०० निकासा गरेको देखियो घर निर्माण गरेको प्रमाण पेश गरेको नदेखिएकोले सो १३० घर निर्माण गरेको फोटो समेतको प्रमाण, प्राविधिक मूल्यांकन समेत पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,००,००० |

५२ **दरबन्दी नभएको पदमा कर्मचारी नियुक्ति -**

✍ ........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१२।२७ को निर्णयबाट रु. ४६५००० सम्परीक्षण गरिएको ।)*

५३ **प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता -** सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को दफा १०.(१) मा मापदण्डको पालना गर्नु सबै सार्वजनिक निकाय र निकायको पदाधिकारी तथा कर्मचारीको कर्तव्य हुनेछ भन्ने उल्लेख छ, साथै सोही दफाको (२) मा प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चलाई मितव्ययी र नतिजामुखी बनाउन से मापदण्डको अधीनमा रही आफू मातहतका सबै कार्यालय, पदाधिकारी एवं कर्मचारीलाई लागू हुने गरी आवश्यकता अनुसार मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गर्न सक्नेछन् भन्ने उल्लेख छ । कार्यालयले १० प्राविधिक कर्मचारीलाई फिल्डभत्ता रु.७,३९,०००।०० वितरण गरेको देखियो । कार्यालयको आन्तरिक आयलाई ध्यानमा राखी ऐन नियमको परिपालना गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

५४ **स्वकीय सचिव नियुक्ति -**

✍ ........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु. ३९४८२४ सम्परीक्षण गरिएको ।)*

५५ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५६ **बढी भुक्तानी -** सडक विभागबाट स्वीकृत नर्म्स, २०७५ को सेक्सन नं. ९.९B मा providing, laying,spreading and compacting embankment with roadway को कार्यमा डोजरले माटो खन्दा लाग्ने परिमाण घटाउनुपर्ने उल्लेख छ । निर्माण व्यवसायी जयदेउराली निर्माण सेवालाई यस वर्ष कार्यालयले माथि उल्लेखित कार्य गर्दा डोजरले माटो खन्दा लाग्ने परिमाण नघटाई भुक्तानी दिएको रु.२५,४६०।०० असुल गर्नुपर्ने रु.

| भौ.नं./मिति | embankment को काम परिमाण | Earth Excavation को परमाण | बढी भुक्तानी परिमाण | दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २८७-०७९/१२/२९ | १४४ | ७७ | ६७ | ३८० | २५४६० |
| | | | | **जम्मा** | **२५४६०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,४६० |

५७ **दोहोरो चेनेज भुक्तानी -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष ठेक्का नं. ०१-

२०७९/८० को तेजेन्द्रचोक रातमाटे तिम्लिङ्गटार सडक स्तरोन्नतीको कार्य गर्दा चेनेज ०+१६९-०+२०१ बिचमा Boulder soling को कार्य नापी किताबमा १७.६ घ.मी. परिमाणको भुक्तानी दिनुपर्नेमा नापी किताबमा उक्त कार्यको बढी मूल्यांकन गरी २५.६ घ.मी.को भुक्तानी दिएकोले बढी परिमाण ८ घ.मी.को प्रति घ.मी. रु.२,०००।०० का दरले बढी भक्तानी दिएको रु.१८,०८०।०० मुल्य अभिवृद्धि कर सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,०८० |

५८ **भेरिएसन आदेश -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले आदेश जारी गर्नुपर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा जारी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै, नियम २(क) मा निर्माण कार्यको ड्रईङ डिजाईन तथा स्पेसिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नुपर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा हुने कुरा भेरिएसन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनुपर्ने व्यवस्था छ। नगरपालिकाले लागत अनुमान रु.६९,१०,११६।०० रहेको मंगलबारे सरस्वती टोल सडक स्तरोन्नतीको कार्य मिति २०८०/३/३१ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी गंगा कन्स्ट्रक्सनसँग रु.५१,११,५५५।०० मा सम्झौता गरेको छ। निर्माण व्यवसायीले लागत अनुमान तथा बिल अफ क्वान्टिटि(B0Q) मा नरहेको परिमाण तथा चेनेज(हिक्मतको घर छेउ, चनौते खेत छेउ, मन्दिर छेउ, सुतार कार्की ग्राउण्ड माथि र वडा सदस्यकोमा जाने बाटो) निर्माण व्यवसायीले प्रथम रनिङ्ग बिलमा Boulder soling को कार्य भेरिएसन आदेश जारी नगरी ७२४ घ.मी.को प्रति घ.मी.रु.२,३००।०० का दरले रु.१८,८१,६७६।०० भुक्तानी गरेकोले सो रकमको भेरिएसन आदेश पेश गरी नगर सभावाट नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १८,८१,६७६ |

५९ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनुपर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिंदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छः

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| LM/NCB/W/04/2079-080 | बसन्त मा.वि भवन निर्माण | २०८०/०१/१३ | ५१,०८,६८१ | २०८० असार मसन्त | ३ महिना | |
| LM/NCB/W/01/2077-078 | १५सैया अस्पताल भवन निर्माण | २०७८/०२/१० | १३,१२,५०,८७२ | २०८० ।०२।१० | १ बर्ष | ५० |

एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन।सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनुपर्दछ ।

६० **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धात्मक रुपमा आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १५ देखि २७.४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | तेजेन्द्र चोक रातमाटे तिलिङटार सडक | LM/NCB/W/01/2079-080 | जे.एण्ड.जे कन्स्ट्रक्सन | ७०,०६,८८७।१९ | ५३,२९,४८८।१९ | २२.०६ |
| २ | मंगलबारे सरस्वती टोल बरबोटे गैरी पिपल डाँडा सेकेन्डटार तामाङगाँउ रोटेपिङ सडक | LM/NCB/W/02/2079-080 | गंगा कन्स्ट्रक्सन | ७०,३१,७११।४० | ५१,११,५५४।७५ | २६.०३ |
| ३ | सिंहदेवि मा.वि भवन निर्माण | LM/NCB/W/03/2079-080 | सोल्मा श्रेष्ठ लक्ष्मी निर्माण सेवा | ५०,२६,०४५।८६ | ४२,७६,३९५।३९ | १५ |
| ४ | बसन्त मा.वि भवन निर्माण | LM/NCB/W/04/2079-080 | जित सिता निर्माण सेवा | ६७,९८,९७४।२० | ५१,०८,६८१।६४ | २४.६१ |
| ५ | स्यानेटरी प्यड ब्यावस्थापन | LM/SQ/G/05/ 2079-080 | AG Helth industries PVT.LTD | ८,५१,९९०।१५ | ३,२३,११८।१२ | ६२.०८ |

६१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

६२ **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११९(२ङ) मा सार्वजनिक निकायले मूल्य समायोजन दिदाँ प्रत्येक मूल्य संरचनाको मूल्य समायोजन गर्न प्रयोग गरिने सम्बद्ध मूल्य सूची (इन्डीसेज) र नियमावलीको २ छ मा मूल्य समायोजन सूत्र प्रयोग गर्न लिइने आधार मिति (बेसलाइन डेट) का अनुसार मूल्य समायोजन दिनुपर्ने उल्लेख छ। त्यस्तै,सडक विभागले मिति २०७८/९/२८ मा मूल्य समायोजनका सन्दर्भमा नेपाल राष्ट्र बैंकले मिति २०७५ श्रावण देखि साविकको Transport Vehicles and Machinery Goods को Index लाई Machinery and Equipment तथा Transport, Equipment and Parts मा वर्गीकरण गरेकोमा सो सम्बन्धमा सडक विभागले दिएको निर्देशन अनुसार २०७५ श्रावण भन्दा अघि सम्झौता भई कार्यान्वयनमा रहेको ठेक्काहरुको Weighted Index तरिकाले मूल्य समायोजन गर्ने, विगतमा फरक तरिकाले मूल्य समायोजन गरिएको रहेछ भने अब गर्ने भुक्तानीमा समायोजन वा असुल गर्ने परिपत्रमा उल्लेख छ। नगरपालिकाले परिपत्र अनुसार Weighted Index तरिकाले मूल्य संरचनाको मूल्य सूची (इन्डीसेज) कायम गरी मूल्य समायोजन दिनुपर्नेमा अनुसूचीमा उल्लेख भए अनुसार फरक तरिकाले मूल्य संरचनाको मूल्य सूची (इन्डीसेज) कायम गरी बढी मूल्य समायोजन दिएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९१,४६३ |

**(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६३ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ देखि १४ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले नगरपालिकाबाट १२ लाख र संघीय सशर्त बजेटबाट रु.१२ लाख ५० हजार समेत रु. २४,५०,०००।०० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

६४ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ९१४ जना रहेका छन। पालिकाले १२,९२६ थान स्यानिटरी प्याड रु. ३,२३,११८।०० (मु. अ. कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमावर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा

गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

६५ **न्यानो झोला कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३१६ बर्थिङ सेन्टरमा गत वर्ष १११ थानको रु. ९९,५५७.७२ र यस वर्ष १११ थान को रु. ९९,८४२.२८ खरिद गरेकोमा गतवर्ष ५७ जना र यस वर्ष ५२ जना गरी १०९ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १०० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६६ **१५ वेड अस्पताल -** पालिकाले १५ शैया अस्पताल भवन निर्माणका लागि जम्मा रू. १७,९८,९६,९५०।०० (मू.अ.कर समेत) को लागत अनुमान तयार गरेकोमा बोलपत्रको माध्यमबाट सारभुत रूपमा घटी कबोल गर्ने आशिष।आशिर्वाद।स्वामीनारायण जे.भी.सँग रू.१३,१२,५०,८७२।०० मा २०७८ ।४।२१ मा निर्माण सम्झौता गरेको देखियो। योजनाको सम्झौता भएको अवधि २०७८।४।२१ देखि २०८०।२।१० मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०८०।६।६ सम्म करिब २६ महिना भन्दा बढी (१०० प्रतिशत) अवधि व्यतीत भईसकेको अवस्था छ।हालसम्म पेश्कीसमेत रु.४,८५,४९,६४९।०० खर्च भएको देखियो।पालिकाले २०८१।३।२० सम्म म्याद थप गरेकोमा निर्माण स्थलमा हाल कार्य सुचारु भएको देखिएन।निर्माण प्रक्रिया ढिलाई भएकोमा पालिकाले आवश्यक अनुगमन गरी निर्माण कार्य समय भित्रै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६७ **सहकारी संस्थालाई अनुदान -** १३।२०८०।०३।२३ स्थानीय निकायले सञ्चालन गर्ने विकासका क्रियाकलापले अधिकतम उपभोक्ताको हित गर्नुपर्ने हुन्छ । पालिकाले लिमिटेड दायित्व भएका सहकारी संस्थालाई पूँजीगत प्रकृतिको अनुदान दिएको छ । व्यक्तिगत पहुँचको आधारमा योजना छनौट गर्नु र कार्यान्वयन गर्नु यसको कारण हो । यस्ता प्रकृतिका संस्थाहरु लिमिटेड दायित्व भएका र सिमित सदस्यको हितका लागि मात्र भएकोले यसबाट आम जनता वा उपभोक्ताले लाभ लिन नसक्ने हुन्छ । साथै यस्ता प्रकृतिका संस्थाहरु विघटन भएको खण्डमा वा निर्दिष्ट प्रयोजनामा प्रयोग नगरी उपलब्ध सम्पत्ति बेचबिखन गरी प्राप्त सम्पत्ति संचालकको स्वामित्वमा जाने भएकाले यस्ता कार्यक्रमबाट सिमित व्यक्तिले मात्र लाभ उठाउने भएकाले तिनजुरे दुग्ध सहकारी संस्थाको भवन निर्माण गर्न रु.१४,१७,९१६।०० खर्च लेखेकोमा पालिकाको नाममा शेयर प्रमाण पेश जारी गरेको प्रमाण पेश नभएकोले पालिकाको नाममा शेयर प्रमाणपत्र पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,१७,९१६ |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: **२०७९/८०**

कार्यालय र स्थान : लालीगुराँस नगरपालिका, तेह्रथुम , लालीगुराँस नगरपालिका , तेह्रथुम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजु खनाल | २०८०-३-१ | २०८०-३-३१ |
| कार्यालय प्रमुख | सन्तोष घिमिरे | २०८०-५-२४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | सविना श्रेष्ठ | २०७८-९-११ | २०८०-२-३२ |
| लेखा प्रमुख | जेनी राई | २०७८-९-११ | २०८०-२-३२ |
| लेखा प्रमुख | सविना . श्रेष्ठ | २०८०-३-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८६८,८३० | ६,९३३,३८९ | ६,९१५,७०७ | ० | ० | ९३९,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १६,६५६,९२६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फर्छ्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २,००४,७१३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १४,६५२,२१३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १०९४०७०६५.८१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१२९३२५८५.१२ | **चालु खर्च** | २८७६८८७४२.५२ |
| **प्रदेश सरकारबाट अनुदान** | १८९७१७६८ | **पूँजीगत खर्च** | १५६९४३९६७.३४ |
| **राजश्व बाँडफाँट** | ६३५०४८६३.६८ | **वित्तीय/अन्य व्यवस्था** | १४०३३६०२७.६२ |
| **आन्तरिक आय** | १५३२५९८२.९६ | | |
| **अन्य आय** | १०१८१६७०३.०५ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | ५१२५५१९०२.८१ | **कुल खर्च** | ५८४९६८७३७.४८ |
| **बाँकी मौज्दात** | | ३६९९०२३१.१४ | |

**बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| **भौ. नं./मिति** | **शीर्षक** | **विवरण** | **कार्यक्रम** | **सप्लायर्सको नाम** | **थान** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| २७९-०७९/१२/१३ | न पा पुंजीगत | मिनिटिलर | मेयरसँग कृषि कार्यक्रम | पूर्वाञ्चल एग्रो सोलुसन्स | १२ | ६४०००० |
| ३३४-०८०/२/२ | | | मेयरसँग कृषि कार्यक्रम | पूर्वाञ्चल एग्रो सोलुसन्स | ५ | ३३७५०० |
| २६४-०८०/२/१७ | संघीय शसर्त चालु | | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | भरत मेसिनरी पार्ट | ४ | २४०००० |
| | | | | पूर्वाञ्चल एग्रो सोलुसन्स | २० | ९८२५०० |
| १५२-०८०/१/२९ | | | | पूर्वाञ्चल एग्रो सोलुसन्स | १५ | ८४७००० |
| **जम्मा** | | | | | **५६** | **३०४७०००** |

**बेरूजु दफा ३८ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| गो.भौ.नं./मिति | कार्यक्रम सन्चालक | वापत | भुक्तानी पाउनेको नाम | नर्म्स अनुसार | संख्या | भुक्तानी रकम | नर्म्सभन्दा बढी भुक्तानी | कर कट्टी पछिको बढी |
|---|---|---|---|---|---|---|---|---|
| २१०/०७९।१२।२३ | | तथ्यमूलक कार्यपत्र | सोमेश्वर कुमार दास | ३५०० | १ | १०००० | ६५०० | ५५२५ |
| | | | विनोद खतिवडा | ३५०० | १ | १०००० | ६५०० | ५५२५ |
| | प्रयोजन नखुलेको | यातायात खर्च | १० जना सहभागी | | १० | २०००० | २०००० | २०००० |
| २९५/०८०।३।१७ | नेपाल आदिवासी जनजाति महासंघ | प्रशिक्षक र कार्यपत्र | सुजन श्रेष्ठ | १०५० | ३ | ९००० | ५८५० | ४९७३ |
| | | प्रशिक्षक र कार्यपत्र | निष्चल श्रेष्ठ | १०५० | ३ | ९००० | ५८५० | ४९७३ |
| | | **जम्मा** | | | | | | **४०९९६** |

**बेरूजु दफा ४९ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| भौ.नं./मिति शिर्षक | योजनाको नाम | कामको विवरण | एकाई | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी भुक्तानी दर | बढी भुक्तानी रकम(उसको अंश काट्टी) |
|---|---|---|---|---|---|---|---|---|
| | तजेन्द्रचोक रातमाटे तिलिङ्टार सडक उ.स. ८ | Roadway Excavation in all types of soil by Mechanical Means | घ.मी. | ९१७ | ७२ | ८२ | १० | ७९९० |
| ४३७-०८०/३/२४ न.पा.पूँजीगत | विष्टबारी सडक स्ताराान्नतीउ स | Roadway Excavation in all types of soil by Mechanical Means | घ.मी. | २१४२ | ७२ | ८२ | १० | १८५७८ |

| भौ.नं./मिति शिर्षक | योजनाको नाम | कामको विवरण | एकाई | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी भुक्तानी दर | बढी भुक्तानी रकम(उसको अंश काट्टी) |
|---|---|---|---|---|---|---|---|---|
| ४४५-०८०/३/२४ न.पा.पूँजीगत | मंगलबारे सरस्वती टोल सेकेन्टार उस | Stone Masonry(1:6) | घ.मी. | ७.५ | ७८१० | ८५६४ | ७५४ | ४८६३ |
| ४३२-०८०/३/२३ न.पा.पूँजीगत | याखुजङ ओढार संरक्षण प्रचार प्रसार उपभोक्ता समिति | Stone Masonry(1:6) | घ.मी. | १४.८८ | ८८७५ | ९६२९ | ७५४ | ९५५३ |
| ४२८-०८०/३/२४ न.पा.पूँजीगत | मेन्द्रुक सिढि निर्माण उपभोक्ता समिति | PCC(1:2:4) | घ.मी. | ११.८० | १५१०२ | १७७७५ | २६७३ | २७०६२ |
| ४१२-०८०/३/१८ न.पा.पूँजीगत | कार्की गाँउ लिम्वु कुलो मर्मत उ.स. | Stone Masonry(1:6) | घ.मी. | ११.५६ | ९२६७ | १००२१ | ७५४ | ७५३३ |
| ४०८-०८०/३/१७ न.पा.पूँजीगत | लम्बु खोला सिंचाइ जल उपभोक्ता संस्था | RCC(1:2:4) | घ.मी. | ८.५५ | १२६१८ | १५१६७ | २५४९ | १९२०७ |
| ४०७-०८०/३/१७ न.पा.पूँजीगत | बिलमाटे होमस्टे झ्याल ढोका सिलिङ नि उ.स. २ | Prepare false ceiling of commercial plywood in 50*75mm size | व.मी. | १०२.७५ | २२३२ | २४२९ | १९७ | १८४५२ |
| ३९३-०८०/३/२४ | हिमाली कृषि फर्म रेसवे निर्माण | Stone Masonry(1:6) | घ.मी. | ३४.६६ | ८८७५ | ९६२९ | ७५४ | १३०६६ |

| भौ.नं./मिति शिर्षक | योजनाको नाम | कामको विवरण | एकाई | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी भुक्तानी दर | बढी भुक्तानी रकम(उसको अंश काट्टी) |
|---|---|---|---|---|---|---|---|---|
| संघीय सशर्त चालु | रातोपाटी भुल्के खेलकुद पर्यटन प्रवर्धन समिति १ | Roadway Excavation in Hard Rock by Mechanical Means | घ.मी. | २३१ | १६३९ | १८५२ | २१३ | ४४४७० |
| ३९७-०८०/३/१२ | चिलिङ्ग भ्याट खरिद साविक ९ उ.स. | CGI Sheet 26 gauge | व.मी. | ८३.६६ | १३०१ | १४४१ | १४० | १०५१७ |
| न.पा.पूँजीगत | युमा संग्रहालयमा भ्याङ रेलिङ्ग लगाउने तथा रंगरोगन३ | Making and fixing work (false ceiling) | व.मी. | ६०.२३ | १८८२ | २८१२ | ९३० | ५०४१२ |
| ३४७-०८०/२/४ | मुखिया डाँडा खेल मैदान ५ | Roadway Excavation in all types of soil by Mechanical Means | घ.मी. | ५५९० | ७२ | ८२ | १० | ४७५१५ |
| ३५९-०८०/२/९ | स्वारा तीनबुरे टोल सडक | Roadway Excavation in all types of soil by Mechanical Means | घ.मी. | ३६७२ | ५९ | ६७ | ८ | २४९७० |
| | | Roadway Excavation in Hard Rock by Mechanical Means | घ.मी. | १०१ | १३३८ | १५१२ | १७४ | १४९३८ |
| २८७-०७९/१२/२१ | चालिसे दोभान पिलुवा खोला होम उ.स. ८ | Laying and fixing humpipe 120cm(N.P.2) | व.मी. | १० | २३३३५ | २६२९९ | २९६४ | २५५८८ |
| २४४-०७९/१२/६ | श्रीमान स्मारक मा.बि. खेलमैदान | Roadway Excavation in all types of soil by Mechanical Means | घ.मी. | ४२५६ | ७२ | ८२ | १० | ३६४७८ |

| भौ.नं./मिति शिर्षक | योजनाको नाम | कामको विवरण | एकाई | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी भुक्तानी दर | बढी भुक्तानी रकम(उसको अंश काट्टी) |
|---|---|---|---|---|---|---|---|---|
| २३३-०७९/११/२५ | नागेश्वरी मन्दिर घेरा बरा भुल्के १ | Stone Masonry(1:6) | घ.मी. | ३६ | ९१७२ | ९९२६ | ७५४ | २४४५१ |
| २१९-०७९/११/१६ | साविक ५-९ सडक स्तरोन्नती | Roadway Excavation in all types of soil by Mechanical Means | घ.मी. | १५२ | ७२ | ३७३ | ३०१ | ३९१०४ |
| १५९-०७९/१०/९ | डाडाखर्क सामुदायिक भवन निर्माण | RCC(1:2:4) | घ.मी. | १९.५६ | १५८४१ | १७१५६ | १३१५ | २२९०४ |
| १०८-०७९/८/१२ | वसन्तपुर हस्पिटल जाने बाटो | Stone Masonry(1:6) | घ.मी. | २०.१५ | ९०१३ | १००२१ | १००८ | १८३४५ |
| ८४-०७९/७/२० | चामचिम चित्रेटार वडा कार्यालय मालवासे सडक ६ | Roadway Excavation for soling foundation | | ५४२० | ५९ | ६७ | ८ | ३७२६८ |
| | | Roadway Excavation for 95% Road grading | | १६६२ | ५९ | ६७ | ८ | ११४२८ |
| | | Roadway Excavation in Hard Rock by Mechanical Means | घ.मी. | ८७ | १३३८ | १५१२ | १७४ | १३०११ |
| ८२-०७९/७/३ | सडक सरसफाई तथा मर्मत७ | Clearance of land slides | | ५५६६ | २० | २३ | ३ | १३७१० |
| ७८-०७९/७/३ | म्यारोडोना प्रगतिशील युवा क्लव भवन नि४ | Brick masonry(1:4) | | १०.५ | २३६९४ | २४५१५ | ८२१ | ७५१३ |
| | | CGI Sheet 26 gauge(colour) | | ७६.६८ | १२४६ | १३८२ | १३६ | ९०८८ |

| भौ.नं./मिति शिर्षक | योजनाको नाम | कामको विवरण | एकाई | परिमाण | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढी भुक्तानी दर | बढी भुक्तानी रकम(उसको अंश काट्टी) |
|---|---|---|---|---|---|---|---|---|
| ४१-०७९/६/७ | लसुने मंगलबारे सडक ८ | Roadway Excavation in all types of soil by Mechanical Means | | ३२४ | ७२ | ३७३ | ३०१ | ८१२३७ |
| १०-०७९/५/२० | बसन्तपुर केबुक सडक स्तरोन्नती | Uncoursed soling work | | ३६९ | १०७५ | १२७५ | २०० | ६४१६१ |
| ३८-०७९/६/७ | बंगुरको खोर व्यवस्थापन | Stone Masonry(1:6) | | ६१.२ | १०२७६ | १०७७६ | ५०० | २६४२९ |
| ४-०७९/५/१९ | बसन्तपुर हस्पिटल जाने सडक नि.उ.स.२ | PCC(1:2:4) | | २२.०५ | १२८९० | १३७३५ | ८४५ | १६००८ |
| १३-०७९/२/३० | चुच्चे ढुङ्गा घोरेपाखा वरडाँडा सडक १ | Roadway Excavation in all types of soil by Mechanical Means | | ८०६२ | ७२ | ८२ | १० | ६८५२७ |
| १४-०७९/१२/१२ | बसन्तपुर केबुक सडक स्तरोन्नती२ | Roadway Excavation in all types of soil by Mechanical Means | | १२१५ | ७२ | ८२ | १० | १०३२७ |
| १३-०७९/१२/२८ | वडा नं.३ शिवदल चोक भदौरे सडक | Roadway Excavation in all types of soil by Mechanical Means | | ४९२८ | ७२ | ८२ | १० | ४२५८८ |
| | **जम्मा** | | | | | | | **८८७२९१** |

**बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| आइपिसी नं. | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | मूल्यवृद्धि हुने रकम | गुणाङ्क हुनुपर्ने फेक्टर | गुणाङ्क भएको फेक्टर | फरक फेक्टर | मूल्य वद्धि दिनुपर्ने | मूल्य बृद्धि दिएको | मूल्य अभिवृद्धि कर सहित बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १-२०७७/०७८ | आसिश /आशिर्वाद स्वामिनारायण जे.भी. | ६४२१४१७.३३ | .११४६ | .१३५६ | .०२१ | ७३५८९४.४२ | ८७०७४४.१९ | १५२३८० |
| २ | | | १५९१२३३.४ | .११४६ | .१३५६ | .०२१ | १८२३५५.३५ | २१५७७१.२५ | ३७७६० |
| ३ | | | १३२८२९०८.९ | .१५६७ | .१९०१ | .०३३४ | २०८१४३१.८२ | २५२५०८०.९८ | ५०१३२३ |
| **जम्मा** | | | | | | | | | **६९१४६३** |